बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

# सडक मर्मत कार्यका लागि उपकरणको दररेट उपलब्ध गराउने सम्बन्धी सूचना

***प्रथम पटक प्रकाशित मिति २०८३।०४।१४ गते***

बेनी नगरपालिका क्षेत्रभित्र आर्थिक वर्ष २०८३।८४ मा मनसुनजन्य विपद्का कारणबाट हुन सक्ने सम्भावित सडक क्षति कम गर्न तथा क्षतिबाट अवरुद्ध हुन सक्ने सडकहरु मर्मत सम्भार गर्न तपसिलका शर्तहरुका अधीनमा हुने गरी उपकरणहरु भाडामा आवश्यक परेको हुँदा भाडामा उपकरण उपलब्ध गराउन इच्छुक निर्माण व्यवसायी/फर्म/कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र दररेट उपलब्ध गराई दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

१. इच्छुक निर्माण व्यवसायी/फर्म/कम्पनीले कम्तिमा तीन थान Wheeled Backhoe Loaders तयारी अवस्थामा राख्नुपर्नेछ ।
२. इच्छुक निर्माण व्यवसायी/फर्म/कम्पनीले सम्झौता भएको मिति देखि कार्तिक मसान्तसम्म उल्लिखित उपकरण कार्यालयले खोजेका बखत तत्काल उपलब्ध गराउन सक्ने गरी तयारी अवस्थामा राख्नु पर्नेछ । विपद् व्यवस्थापनको कार्य नगर क्षेत्र भित्र १० वटै वडामा तोकिएको समय र स्थानमा गर्नुपर्नेछ ।
३. आफ्नै निर्माण व्यवसायी/फर्म/कम्पनीको उपकरण नभई अन्य व्यवसायी वा फर्मबाट उपकरण भाडामा लिई सेवा दिने भएमा निवेदनसाथ भाडामा लिन/दिन भएको सम्झौता पत्रको प्रतिलिपी संलग्न गर्नुपर्नेछ । यसरी एउटै फर्म वा कम्पनीबाट भाडामा लिएको एउटै उपकरण एक भन्दा बढी निर्माण व्यवसायीले पेश गरेमा दुबै प्रस्ताव अस्वीकृत हुनेछन् ।
४. उपकरणका लागि आवश्यक पर्ने इन्धन, मर्मत संभारको खर्च, चालकको पारिश्रमिक तथा खाने बस्ने सबै व्यवस्था निर्माण व्यवसायी/फर्म/कम्पनी स्वयंले नै गर्नुपर्नेछ । यसका लागि नगरपालिका समक्ष कुनै दाबी गर्न पाइनेछैन ।
५. चालक र मेशिनको सुरक्षाको जिम्मेवारी सम्बन्धित निर्माण व्यवसायीको हुनेछ र विपद् व्यवस्थापनको कार्य गर्दा कुनै दुर्घटना भई केही मानवीय तथा भौतिक क्षति भएमा सो को सम्पूर्ण जिम्मेवारी स्वयं निर्माण व्यवसायी/फर्म/कम्पनीमा हुनेछ ।
६. सूचना प्रकाशित भएको मितिले ७ औं दिन (मिति २०८३।०४।२० गते) कार्यालय समयभित्र निर्माण व्यवसायी/फर्म/कम्पनीले व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०८१।८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि, रु १,००० (अक्षरुपी एक हजार रुपैयाँ मात्र) दस्तुर तिरेको नगदी रसिद सहित निवेदन पेस गरे पश्चात् यस कार्यालयबाट दररेट फाराम प्राप्त गर्न सकिनेछ ।
७. इच्छुक व्यवसायी/फर्म/कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ८ औँ दिन (मिति २०८३।०४।२१ गते) को १२ बजेसम्म यस कार्यालयमा दररेट प्रस्ताव खामबन्दी गरी पेस गरी सक्नुपर्नेछ । खामबन्दी दररेटकासाथ व्यवसाय

फोन नं-०६९-५२१०९५/५२०१२०फ्याक्स नं. ०६९-५२१०९५वेबसाइटः www.benimun.gov.np
इमेल: info@benimun.gov.np, benimunicipality@gmail.com फेसबुकःwww.facebook.com/beninagarpalika

दर्ता प्रमाणपत्रको प्रतिलिपि, भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०८१।८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, धरौटी भौचर/बैंक ग्यारेन्टी र उपकरण सम्बन्धी सम्पूर्ण कागजातहरु (आफ्नो उपकरण भएमा ब्लु बुक, आफ्नो उपकरण नभएमा ब्लु बुक र सम्झौता पत्र लगायत) अनिवार्य पेश गर्नुपर्नेछ । यसरी पेस हुन आएका प्रस्तावपत्र ८ औं दिनको दिउँसो २ बजे प्रस्तावपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । प्रस्तावपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि प्रस्तावपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन । उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

८. दररेट पेस गर्ने निर्माण व्यवसायी/फर्म/कम्पनीले रु ६५,००० ( अक्षेरुपी पैसट्ठी हजार रुपैयाँ मात्र) बराबरको रकम यस नगरपालिकाको नेपाल बैंक लिमिटेडमा रहेको खाता नं 06303000003000000001 मा धरौटी जम्मा गर्नुपर्ने वा दाखिला गर्ने अन्तिम मितिले ४५ दिनसम्म मान्य अवधि भएको बैंक ग्यारेन्टी पेस गर्नुपर्नेछ ।

९. सबैभन्दा कम दररेट पेस गर्ने प्रस्तावदाताले रु १,५०,०००.०० ( अक्षेरुपी एक लाख पचास हजार रुपैयाँ मात्र) को ४ महिना अवधिको कार्यसम्पादन जमानत पेस गरेपछि मात्र सम्झौता गरिनेछ । सम्झौता अवधिमा तोकिएको समयमा उपकरण उपलब्ध गराउन नसकेमा वा सन्तोषजनक काम गर्न नसकेमा निजसँग गरिएको यो सम्झौता रद्द गरी कार्यसम्पादन जमानत बापत राखेको रकमबाट विपद् व्यवस्थापन कार्य गरिनेछ ।

१०. म्याद नाघी आएको वा रीत नपुगेको वा कुनै शर्त राखी पेश भएको प्रस्तावपत्रलाई मान्यता दिईनेछैन ।

११. पेस हुन आएको दररेटका आधारमा सबैभन्दा कम दररेट पेस गर्ने निर्माण व्यवसायी/फर्म/कम्पनीको दररेट स्वीकृत गरिनेछ । कम्तिमा तीन वटा निर्माण व्यवसायी/फर्म/कम्पनीबाट दररेट प्राप्त नभएमा पुन: सूचना प्रकाशन गरिनेछ ।

१२. यस सूचनामा उल्लेखित शर्तहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

.............................
**अर्जुन शर्मा**
**प्रमुख प्रशासकीय अधिकृत**